नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
( आन्तरिक व्यवस्थापन शाखा)

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन सिंहदरबार, काठमाडौं

पत्र संख्या :- ०७६/०७७
चलानी .नं: ११८

मितिः- २०७६/०५/०९

श्री जिल्ला समन्वय समिति, सबै
श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका, सबै
श्री गाउँपालिका, सबै

विषयः- संविधान दिवस भव्यताका साथ मनाउने सम्बन्धमा।

२०७६ नेपाल सरकार गृह मन्त्रालयको च.नं. ११३ मिति २०७६/०५/०९ को पत्रानुसार यहि २०७६ असोज २, ३ र ४ गते संविधान दिवसलाई राष्ट्रिय दिवसको रुपमा भव्यता र व्यापकताका साथ मनाउन मुलुक भरका सबै स्थानीय तहलाई आव्हान/परिपत्र गरी लिने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ भनी लेखि आएकोले उपत्यका बाहिरका प्रदेशका राजधानी (केन्द्र), जिल्ला र स्थानीय तहहरुमा मनाइने कार्यक्रम देहाय अनुसार गर्ने गराउने व्यवस्था हुन अनुरोध छ ।

१. प्रदेशका राजधानी (केन्द्र) हरुमा प्रदेश सरकारको मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने संविधान दिवस समारोह समितिमा प्रदेश सदरमुकामको जिल्ला समन्वय समिति र स्थानीय तह समेत समावेश हुने र एकिकृत रुपमा कार्यक्रम गर्ने । काठमाण्डौ उपत्यका र प्रदेश सदरमुकाम रहेका जिल्ला बाहेकका जिल्लाहरुमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा जिल्ला स्तरीय समारोह समितिबाट गठन गर्ने र सदरमुकामको स्थानीय तह समेत समावेश गर्ने तथा जिल्ला सदरमुकाम बाहिरका स्थानीय तहहरुको हकमा सम्बन्धित स्थानीय तह प्रमुखको अध्यक्षतामा स्थानीय स्तरीय समारोह समिति गठन गरी सबै सरकारी कार्यालयहरु, संस्थाहरु एवं स्थानीय तह समेत सम्मिलित संविधान दिवस समारोह समिति गठन गरी दिपावली, सरसफाई, राष्ट्रिय झण्डा सहितको प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रमका साथै देहाय बमोजिकका कार्यक्रम समेत आयोजना गरी असोज २, ३ र ४ गते संविधान दिवस भव्य रुपमा मनाउने ।
२. स्थानीय तहबाट भएका नमूना कार्यहरुको श्रव्य दृष्य तथा जिंगल प्रसारणको व्यवस्था मिलाउने ।
३. स्थानीय तहहरुले आफ्नो क्षेत्र भित्र सबै सरकारी कार्यालयहरुलाई उक्त दिन राष्ट्रिय झण्डा फहऱ्याउने र संविधान र देश तथा स्थानीय विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
४. स्थानीय व्यवसायीहरुको सहयोगमा स्थानीय वस्तु तथा सेवा विक्रिमा व्यापक र विशेष छुट दिने व्यवस्था गर्ने ।
५. स्थानीय तथा सरकारी स्वामित्वमा रहेका पर्यटकीय स्थलमा विशेष सहुलियत प्रदान गर्ने व्यवस्था मिलाउने ।
६. झण्डा रंगको पोशाक, टिसर्ट, चंगा र यस्तै प्रकारका अन्य रचनात्मक कार्यका निर्माण तथा वितरणका लागि निजि क्षेत्रलाई आह्वान गर्ने ।

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

( आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७

चलानी .नः

७. "संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔं/घर घरमा राष्ट्रिय झण्डा फहराऔं" भन्ने जस्ता नाराहरु सबै नागरिक सम्म एस.एम.एस. मार्फत पुऱ्याउने व्यवस्था मिलाउने ।

८. प्रभातफेरीमा उपस्थित हुने सबैले अगाडी रहनेले ३×२.५ को कपडाबाट बनेको र पछाडी रहनेले ३०×२० से.मि.का हातहातमा कागजवाट वनेका नेपालको राष्ट्रिय झण्डा बोक्ने व्यवस्था मिलाउने ।

९. स्कुल तथा कलेजमा संविधान दिवस तथा राष्ट्रिय दिबस र नेपालको राष्ट्रिय झण्डा लगायतका राष्ट्रभक्तिको विषयमा कविता, वकतृत्वकला र हाजिरजवाफ प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

१०.सार्वजनिक चोकहरुमा राष्ट्रिय गान र राष्ट्रभक्तिका गीत कन्सर्ट आदि महोत्सव गर्ने व्वस्था मिलाउने ।

११.सबै सरकारी, गैर सरकारी तथा निजी संघ-संस्थाहरुले कपडा/कागजको झण्डा आफैले तयार गर्ने र वितरण गर्ने ।

१२.संविधान दिवस तथा राष्ट्रिय दिवसको शुभकामना एस.एम.एस. मार्फत पठाउने, डिस्प्ले बोर्डमा सन्देश दिने, सिनेमा हलमा सिनेमा शुरुहुनु भन्दा अघि राष्ट्रिय गान बजाउने, संविधान दिवससँग सम्बन्धित कार्यक्रम र विषयवस्तु विभिन्न माध्यमहरुबाट प्रसारण गराउने व्वस्था मिलाउने ।

१३.उल्लेखित कार्यक्रमहरु भव्य रुपमा सम्पन्न गर्न देहायको कार्य योजना बमोजिम गर्ने ।

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगि निकाय | सहभागी |
|---|---|---|---|---|
| १ | संविधान दिवस समारोह समितिको कार्यक्रममा उपस्थितिका लागि आव्हान गर्ने | जिल्ला समन्वय समिति | स्थानीय तह | राष्ट्र सेवक कर्मचारीहरु, संघ संस्थाका प्रतिनिधि, नागरिक समाज, सर्वसाधारण नागरिक |
| २ | समारोह समितिको गठन तथा माथि उल्लेखित कार्यक्रमहरुको आयोजना गर्ने | जिल्ला समन्वय समिति, सम्बन्धित स्थानीय तह | स्थानीय तह, सरकारी कार्यालय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र | राष्ट्र सेवक कर्मचारीहरु, संघ संस्थाका प्रतिनिधि, नागरिक समाज, सर्वसाधारण नागरिक |
| ३ | कार्यक्रममा सरोकारवालाहरुको उपस्थिति सुनिश्चित गर्ने | जिल्ला समन्वय अधिकारी र प्रमुख प्रशासकीय अधिकृत | सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु | |

२०७६।५।११

(जगत प्रसाद भुसाल)

शाखा अधिकृत

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनु हुन ।